नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

अनुसुची -२

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

## पशु विज्ञानतर्फका स्नातक पशु चिकित्सकको कार्यविवरण

(१) पशुपन्छी रोग पहिचान, निदान, उपचार तथा सो कार्यको अभिलेख अध्यावधिक गर्ने।

(२) राष्ट्रिय पशु स्वास्थ्य सूचना प्रणाली वा पशु सेवा विभागको इपिडेमियोलोजी शाखा (dls.adicd@gmail.com/vetepi@ntc.net.np) मा अनिवार्य रूपमा मासिक रुपमा रोगहरुको रिपोर्टिङ गर्ने तथा सो को जानकारी जिल्लास्थित पशु सेवा हेर्ने कार्यलयलाई गराउने।

(३) सूचीकृत रोग, सीमाविहीन रोग तथा विश्व पशु स्वास्थ्य सङ्गठनमा तत्कालीन सूचीकृत रोगहरू फैलिएको शङ्का लागेमा तुरून्तै नमूना सङ्कलन गरी निदानको लागि नजिकैको भेटेरिनरी अस्पताल वा प्रयोगशालामा पठाउने र सोको जानकारी यथाशीघ्र सम्बन्धित निकाय (पशु सेवा विभाग, भेटेरिनरी इपिडेमियोलोजी शाखा) मा गर्ने।

(४) पशु कल्याण सुनिश्चितताको लागि आवश्यक कार्य गर्ने।

(५) पशुपालन असल अभ्यास अवलम्वन बारे सचेतना तथा प्रमाणीकरण प्रक्रियामा सहजीकरण गर्ने।

(६) पशुपन्छी स्वास्थ्य र उत्पादकत्व कायम गर्दै क्रमशः सुधार गराउने।

(७) सम्वन्धित स्थानीय तहको पशुपन्छी तर्फको वार्षिक कार्यक्रम तर्जुमा कार्यान्वयन र प्रगति पेश गर्ने।

(८) स्थानीय तहमा रहेका पशुपन्छीको तथ्याङ्क अध्यावधिक गर्ने र सोको विवरण प्रदेश तथा पशु सेवा विभागमा पठाउने (dg@dls.gov.np)।

(९) पशु सेवा विभाग मार्फत स्थानीय तहमा आएका सशर्त अनुदानका कार्यक्रम सञ्चालन र सहजीकरण गर्ने।

(१०) राष्ट्रिय पशुपन्छी रोग नियन्त्रण कार्यक्रम अन्तर्गत सङ्घबाट प्राप्त सम्पूर्ण खोपहरू सहित खोप कार्यक्रम नियमित रूपमा सञ्चालन गर्ने।

(११) विभागवाट प्राप्त भएका पशुपन्छीमा लगाइने खोपहरू नियमित रूपमा लगाउन भ्याक्सिनेटरको व्यवस्था गर्ने र नियमित खोप लगाएको सम्पूर्ण विवरण विभागमा (dls.adicd@gmail.com) जानकारी गराउने।

(१२) कृत्रिम गर्भधानको सेवामा टेवा दिने तथा सो सम्वन्धी विवरण अध्यावधिक गरी प्रगति विवरण पेश गर्ने (nlbc.pokhara@gmail.com)।

(१३) पशु पहिचान तथा पञ्जीकरण कार्यमा सहयोग तथा सहजीकरण गर्ने।

(१४) पालिकामा रहेका पशुपन्छीपालक किसानका साथसाथै पशुपन्छी संख्या तथा दर्ता भएका पशुपन्छी फार्मको सङ्ख्या अध्यावधिक गर्ने र पशु सेवा विभागमा सूचना सम्प्रेषण गर्ने।

(१५) राष्ट्रिय सूचीकृत रोगहरूको आउटब्रेक अन्वेषण, सर्भिलेन्स र नियन्त्रण गर्न सङ्घ तथा प्रदेशको निकायलाई सहयोग तथा सहजीकरण गर्ने।

(१६) रोग परीक्षण र निदानको लागि आवश्यक नमूना सङ्कलन गरी प्रयोगशाला परीक्षण गर्ने र थप परीक्षणको लागि नजिकको प्रयोगशालामा पठाउने।

६

सजिव कुमार कर्ण
सह-सचिव

सचिव

सचिव

CamScanner

(१७) जनस्वास्थ्यसँग सम्बन्धित रोगहरू (नेपाल सरकारको राजपत्रमा प्रकाशित भएका प्राथमिकतामा रहेका जुनोटिक रोगहरू) को जनस्वास्थ्यसँग सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य गरी सर्भिलेन्स, अन्वेषण तथा नियन्त्रणमा सहयोग तथा सहजीकरण गर्ने।

(१८) रोग फैलिएको समयमा रोग नियन्त्रण सम्बन्धी सूचनामूलक सामग्री तयार गरी प्रकाशन, प्रसारण तथा स्थानीयस्तरमा जानकारी गराउने।

(१९) पशु तथा पशुजन्य पदार्थको आन्तरिक ओसारपसारका लागि पशु स्वास्थ्य प्रमाणपत्र जारी गर्ने।

(२०) पशुपन्छीजन्य महामारी एवम् प्रकोप लगायतका विपद् व्यवस्थापनमा प्रदेश तथा सङ्घसँग समन्वय र सहकार्य गर्ने।

(२१) पालिकामा रहेका घरपालुवा तथा सामुदायिक कुकुरको रेकर्ड राख्ने र यस्ता कुकुरलाई वन्ध्याकरण तथा रेबिज खोप लगाउने कार्य सञ्चालन गर्ने। कुकुरको टोकाईबाट मानिसमा हुने रेबिजलाई शून्यमा झार्ने अभियानलाई सफल बनाउन स्थानीय स्तरमा रेबिज नियन्त्रण कार्य सञ्चालन गर्ने।

(२२) पालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने।

सजिव कुमार कर्ण
सह-सचिव

सचिव

सचिव